कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि बिकास निर्देशनालय
कृषि बिकास कार्यालय
खलङ्गा, सल्यान

# मूल्य सूची पेश गर्ने सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मितिः २०७९/११/२६

यस कार्यालयको आ.ब.२०७९/८० को स्विकृत बार्षिक कार्यक्रम अनुसार कृषि क्षेत्रको बिकासका लागि जमिन तयारी, बाली कटानी फलफूल काटछाँट तथा बजारीकरणका लागि प्रयोग हुने औजार उपकरणमा अनुदान सहयोग उपलब्ध गराउने कार्यक्रम रहेकोले इच्छुक आधिकारिक आपुर्तिकर्ताहरुबाट निम्न लिखित शर्तहरुको अधिनमा रही सिलबन्दी मूल्यसूची पेश गर्न सूचित गराइन्छ ।

शर्तहरुः

१ यो सूचना प्रकाशित भएको मितिले १५ औ दिनको कार्यालय समय भित्र कार्यालयबाट वा कार्यालयको वेबसाइटमा अपलोड गरिएको सिलबन्दी मूल्यसूची फाराम डाउनलोड गरी प्राप्त गर्न सकिने छ ।

२ मूल्यसूची फाराममा आफ्नो नाम, ठेगाना, मूल्यसूची अंक र अक्षरमा स्पष्ट लेखी १६औं दिनको १२:०० बजे भित्र कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । दर्ता हुन आएको मूल्यसूची फाराम सोही दिन दिनको २:०० बजे मूल्यसूचीदाता वा नीजको प्रतिनिधिको रोहबरमा खोलिने छ। खोल्ने समयमा मूल्यसूचीदाता वा नीजको प्रतिनिधि नरहेको अवस्थामा पनि खोल्न बाधा हुने छैन।

३ बिक्रेताले मूल्य सूचीकासाथ, बिक्रेताको फर्म/ब्यवसाय दर्ता प्रमाण-पत्र, भ्याट/प्यान दर्ता प्रमाण-पत्र, आ.ब. २०७८/७९ को कर चुक्ता प्रमाण-पत्र, निर्माता कम्पनीको नेपाल स्थित आपूर्तिकर्ता/बितरकले प्रदान गरेको कारोबार गरिने सामाग्रीको विबरण खुलेको प्रमाण पत्र र नेपालमा सार्बजनिक गरेको अधिकतम खुद्रा मूल्य (MRP) सूची पेश गर्नु पर्ने छ।

४ सिलबन्दी मूल्यसूची पेश गर्ने अन्तिम दिन बिदा पर्न गएमा सो पछि कार्यालय खुल्ने समयंमा दर्ता गराउन सकिने छ ।

५ इमेल मार्फत प्राप्त भएको वा रित नपुगी प्राप्त भएको मूल्य सूची उपर कुनै काराबाही हुने छैन ।

थप जानकारीको लागि कार्यालयको फोन नं. ०८८-५२०१३० मा सम्पर्क गर्न वा कार्यालयको वेबसाइट: www.adosalyan.gov.np हेर्न सकिने छ ।

(भरत बहादुर बस्नेत)
निमित्त प्रमुख
भरत बहादुर बस्नेत
(निमित्त प्रमुख)